**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)


# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ४ प्रमाणिकरण मितिः२०८१।१०।२५ प्रकाशन मितिः२०८१।१०।२८


## भाग -१

### भजनी नगरपालिका वन जंगल तथा वातावरण संरक्षण सम्बन्धी ऐन, २०८१

**प्रस्तावना**

भजनी नगरपालिका भित्र रहेको वनलाई दिगो व्यवस्थापन गरी सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवद्र्धन, पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावार, तालतलैयाहरुको सदुपयोग र वनबाट प्राप्त लाभको न्यायोचित वितरण गर्दै दिगो वन विकास, सामाजिक र आर्थिक समृद्धि गर्न भजनी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा आएका सामुदायिक वनहरुको सञ्चालन, व्यवस्थापन, संरक्षण तथा सम्बद्र्धन गर्न वाञ्छनीय भएकोले संविधानको अनुसूची–९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको वन तथा वन्य जन्तु सम्बन्धी व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ङ) को अधिनमा रही ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भजनी नगरपालिकाले यो ऐन बनाई जारी गरिएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भजनी नगरपालिका वन जंगल तथा वातावरण संरक्षण सम्वन्धी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशित भए पछि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क)"उपभोक्ता समूह" भन्नाले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम सामुदायिक वनको व्यवस्था तथा उपयोग गर्न दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रुख विरुवा ताछ्ने, काट्ने, खुकुरी, बन्चरो, आरा, तथा मेशिन समेत सम्झनु पर्छ

(घ)"गस्ती" भन्नाले वन पैदावार चोरी निकासी रोक्न, वन क्षेत्रमा सुरक्षा कायम गर्न तथा असामान्य स्थितिको नियन्त्रण गर्न वा वन संरक्षण गर्नका लागि खटाइएको टोली वा व्यक्तिले सावधानी पूर्वक घुम्ने, रेखदेख गर्ने, पहरा वा रखवारी गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) “चौपाया” भन्नाले जुनसुकै जातको पाल्तु चार खुट्टे जनावर सम्झनु पर्छ ।

(च) “जलाधार” भन्नाले कुनै मुहान बाट बहाव हुने पानीको सम्पूर्ण श्रोत समेट्ने क्षेत्र भन्ने सम्झनु पर्छ।

(छ) “टाँचा” भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्छ।

(झ) “नगर कार्यपालिका” भन्नाले भजनी नगर कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(ञ) “नगरपालिका” भन्नाले भजनी नगरपालिका सम्झनु पर्छ ।

(ट) पोखरी, ताल तलैया भन्नाले: यस नगरपालिकाको सार्बजनिक क्षेत्र भित्र प्राकृतिक तथा कृतिम रुपमा रहेका पोखरी, ताल तलैयालाई सम्झनु पर्छ|

(ठ)“प्रमुख” भन्नाले भजनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ढ) “बोझ वाहक” भन्नाले गाडा/डल्लब, ट्रक, मोटर, ठ्याक्टर, नाउ, डुङ्गा वा वन पैदावार लादी ल्याउने यस्तै प्रकारका अन्य साधन वा जनावर समेत सम्झनु पर्छ ।

(ण) “वन” भन्नाले पूर्ण वा आंशिक रुपले रुखहरुले ढाकिएको क्षेत्र सम्झनु पर्छ र सो शब्दले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम सञ्चालित वन समेत सम्झनु पर्छ ।

(त) “वन पैदावार” भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छ ।

१. काठ, दाउरा, गोलीया, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली |

२. रुख, पात, फल, फूल, महुवा, चिराइतो र सबै प्रकारका जङ्गली जडीबूटी, बनस्पती तथा तीनका विभिन्न भाग वा अंश |

३. चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा पशुपंछी, वन्यजन्तु र पशुपन्छी वा अन्य जन्तुको आखेटोपहार ।

(थ) “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा ब्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति / ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँछ ।

(द) “मत्स्य औजार”भन्नाले माछा मार्नका लागी प्रयोग गरिने सबै किसिमका हेल्का, टापी, ढधिया, सेउखा, पखई, सुर्का जाल, खोंगिया, बरेरुवा, बंगला जाल, महा जाल समेतलाई सम्झनु पर्छ|

(ध) “समन्वय समिति” भन्नाले यस ऐनको दफा १४ बमोजिम गठित पालिका स्तरीय समन्वय समिति सम्झनु पर्छ ।

(न) “समिति” भन्नाले संघीय, प्रदेश कानून र यस ऐन बमोजिम सामुदायिक वन सञ्चालन तथा व्यवस्थापनका लागि गठित समिति सम्झनु पर्छ ।

(प)“सामुदायिक वन” भन्नाले वन ऐन, २०४९ तथा नियमावली २०५१ बमोजिम डिभिजन वन कार्यालयमा दर्ता गरी सञ्चालनमा रहेका र संघीय, प्रदेश कानून र यस ऐन बमोजिम भजनी नगरपालिकामा दर्ता भई सञ्चालन हुने सामुदायिक वन समेत सम्झनु पर्छ ।

## परिच्छेद –२

## सामुदायिक वन सम्बन्धी व्यवस्था

३. वनको सिमाना निर्धारण: (१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले यस भजनी नगर कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा यस भजनी नगरपालिकाको प्रमुखले प्रमाणित गरी सोको एक प्रति यस भजनी नगरपालिकामा र एक प्रति प्रदेश सरकारको वन सम्बन्धी कार्यालयमा जानकारी दिनु पर्नेछ।

४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने: (१) दफा (३) बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत यस भजनी नगरपालिका, नगर कार्यपालिकासँग छलफल गरी संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घरजग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घरजग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।

(३) वन सिमाना भित्र परेको निजी जग्गाको वन सम्बन्धी संघीय कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी यस भजनी नगरपालिकाको कार्यपालिका समक्ष दिनु पर्नेछ र यस भजनी नगरपालिकाले सोही बमोजिम निजी जग्गाको भूमी कर सम्बन्धी लगत कट्टा गर्नु पर्नेछ।

५. वन सम्वन्धी भू– स्वामित्व: (१) यस भजनी नगरपालिकाको क्षेत्र भित्र रहेको वन माथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ|

(क) यस भजनी नगरपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरु माथिको भू-स्वामित्व यसै भजनी नगरपालिकामा निहित रहनेछ।

(ख) यस नगरपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वन क्षेत्रका जग्गा माथिको भू स्वामित्व वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरु सामुदायिक जग्गाको रुपमा रहनेछन्।

(२) प्रथा जनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्बन्धित प्रथा जनित संस्थाको अधिकार रहनेछ।

(३) नेपाल सरकारले यस नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू–उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नु पूर्व यस नगरपालिका कार्यपालिकाको सहमति लिनु पर्नेछ।

६. वन व्यवस्थापन प्रणाली:(१) यस भजनी नगरपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथा जनित वनको रुपमा व्यवस्थापन गरिनेछ।

(२)विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरु मध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) यस भजनी नगरपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा भजनी नगरपालिका आफैले वा कुनै संघ संस्थाका माध्यमबाट व्यवस्थापन गर्न गराउन सक्नेछ।

७. सामुदायिक वन उपभोक्ता समूहको दर्ता सम्बन्धी व्यवस्थाः (१) संघीय, प्रदेश कानून तथा यस ऐन बमोजिम सञ्चालन भएका र सञ्चालन हुने सामुदायिक वनका उपभोक्ता समूहहरुले यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यस नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने उपभोक्ता समूहहरुले आर्थिक ऐन बमोजिम राजश्व तिरि समूहको विधान सहित नगर प्रमुख समक्ष अनुसूची –१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका निवेदन उपर आवश्यक जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूची–२ बमोजिमको ढाँचामा उपभोक्ता समूह दर्ताको प्रमाण पत्र उपलव्ध गराउनु पर्नेछ ।

८. दर्ता नवीकरण सम्बन्धी व्यवस्थाः (१) संघीय, प्रदेश कानून र यस ऐन बमोजिम गठित सामुदायिक वन उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र कर चुक्ता, साधारण सभाको बैठकको निर्णय, स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार नगरपालिकालाई बुझाउनु पर्ने रकम नगरपालिकाको कोष खातामा जम्मा गरी भौचर सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी नवीकरण गर्नेछ ।

९.खारेजी सम्बन्धि ब्यबस्था:यस ऐनको पालना नगर्ने सामुदायिक वन उपभोक्ता समितिको दर्ता खारेजीका लागी सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ|

१०. वन क्षेत्रमा विकास आयोजना सञ्चालन: (१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पून:स्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु वन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन।

तर नगरपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा प्रभावित स्थानीय समुदायसँग समन्वय गरि सम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारको स्वीकृती लिई वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) भजनी नगरपालिकाको नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरहेका विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरहेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बराबर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ |

११.वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनु पर्ने:(१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सो बाट प्रभावित हुने उपभोक्ता समूह र प्रथा जनित संस्थाहरुसँग समन्वय गरि प्रदेश वा सङ्घीय सरकार संग अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु सकिने छ ।

(३) स्थानीय प्राथमिकता प्राप्त आयोजना, नगर गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसारपसार र घाटगद्धी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ।

१२. वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोग:(१) नगरपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन सम्बन्धी कार्य गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय कानून

बमोजिमको प्रक्रिया अवलम्बन गरी नगरपालिकाले निर्धारण गरे बमोजिमको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात मात्र उत्खन्न गर्न पाइनेछ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ संकलन गर्दा सम्बन्धित उपभोक्ता समूहसंग समन्वय गरी संकलन गर्नुपर्नेछ|

(४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खन्न गर्दा खानी तथा खनिज पदार्थ, वन र वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम गर्नु पर्नेछ।

(५) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूहसंग समन्वय गरी प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नु पर्नेछ।

(६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ उत्खन गर्नु पर्ने भएमा सम्बन्धित उपभोक्ता समूहसंग समन्वय गरी नगरपालिकाले त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ।

१३. वन क्षेत्रमा वातावरणीय मापदण्डको पालना: (१) वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भनी निर्धारण भएका प्रस्तावहरु यस भजनी नगरपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नु पूर्व उक्त प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन गरी सो सम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनु पर्नेछ।

(२) यस भजनी नगरपालिकाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नु पर्नेछ।

(३) यस भजनी नगरपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा यस भजनी नगरपालिकाको कार्यपालिका बैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको हुनु पर्नेछ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतीका क्रममा पालना गर्नु पर्ने सार्वजनिक सुनुवाई लगायतका अन्य विषयहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ।

## परिच्छेद –३

## सामुदायिक वन, जलधारा एवं तथा तालतलैया संरक्षण सम्बन्धी व्यवस्था

१४. सामुदायिक वन तथा तालतलैया ब्यवस्थापन प्रणालीः (१) नगरपालिका क्षेत्र भित्र रहेका वन र तालतलैयालाई आवश्यकता अनुसार समुदायमा आधारित वन र प्रथा जनित वन तथा तालतलैयाको संरक्षण, सम्वद्र्धन गरी ब्यवस्थित गरिनेछ ।

(२) नगरपालिका क्षेत्र भित्रका सार्बजनिक तथा बनक्षेत्रमा रहेका ताल, तलैया, पोखरी, जलाधार, सिमसार नगरपालिकाको अधिनमा रहनेछन|

(३) सामुदायिक वन तथा तालतलैया संरक्षण र व्यवस्थापनको लागि नगरपालिका स्तरीय सामुदायिक वन, तालतलैया संरक्षण तथा सम्बर्धन समिति रहनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन् :–

| | |
|---|---|
| (क) नगरपालिकाको प्रमुख | अध्यक्ष |
| (ख) नगरपालिकाको उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (ङ) सम्बन्धित वडाको वडा अध्यक्ष | पदेन सदस्य |
| (च) सामुदायिक वन उपभोक्ता समन्यव समितिका अध्यक्ष १ जना | सदस्य |
| (छ) नगर क्षेत्र भित्र रहेका नेपाल प्रहरीका प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ज) नगर क्षेत्र भित्र रहेका वन कार्यालयका प्रमुखहरु | सदस्य |
| (झ) नगरपालिकाको वन तथा वातावरण शाखा हेर्न तोकिएको कर्मचारी, | सदस्य सचिव |

(५)डल्फिन संरक्षण क्षेत्र बाहेकका नदि क्षेत्रमा माछा मार्न ठेक्का लगाउन सकिनेछ|

(६) ठेक्का लगाएको नदि ताल तलैया बाहेकका जलाधार क्षेत्रमा स्थानीय व्यक्तिहरुले स्थानीय परम्परागत रुपमा प्रयोग हुने मत्स्य औजारहरुको प्रयोग गरी माछा मार्ने कार्य गर्न सक्नेछन |

(७) नदि, ताल, तलैया, पोखरी, कुलो, झरन तथा जलाधार क्षेत्रमा बिषादी तथा बिधुतिय उपकरण( करेन्ट लगाउने) जस्ता कार्य गर्न पाइने छैन |

(८)पानी निकासका लागि निर्माण गरिएका झरन, कुलोमा पानी निकासा अवरोध हुने गरि सुरका जाल, खोगियाँ र बेररुवा प्रयोग गरि माछा मार्न पाइने छैन|

१५. सामुदायिक वन तथा तालतलैया समन्वय समितिको काम, कर्तव्य र अधिकारः (१) सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगर भित्र सञ्चालनमा रहेका सामुदायिक वनहरु र तालतलैयाको संरक्षण तथा सम्बन्धमा सहयोग गर्ने ।

(ख) सामुदायिक वनहरुका विभिन्न गतिविधिको सम्बन्धमा समन्वय तथा सुधार गर्नको लागि कार्यपालिकामा पेश गर्ने ।

(ग) सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने ।

(घ) सामुदायिक वनको संरक्षण सम्बद्र्धन तथा सुधारको लागि आवश्यक नीति तथा योजना तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ तथा प्रदेश सँग आवश्यक समन्वय गरी वन सुधारका कार्ययोजना तयार गर्ने ।

(च) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट बन विकास सम्बन्धी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(छ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने ।

तर समन्वय समितिले आवश्यक निर्णय गरी गस्ती परिचालनको जिम्मा अध्यक्ष वा गस्ती टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

१६.पोखरी, ताल तलैया जलधाराको उपयोग तथा व्यवस्थापन: (१)यस नगरपालिकाको सार्बजनिक तथा बन क्षेत्र भित्र रहेका प्राकृतिक तथा कृतिम रुपमा रहेका पोखरी, ताल तलैयालाई नगरपालिकाको आन्तरिक श्रोतको रुपमा मत्स्यपालन, पयर्टन लगायतका प्रयोजनमा उपयोग गर्न सकिनेछ|

(२) नगरपालिकाको अनुमति विना कुनै पनि व्यक्ति वा संस्थाले सार्बजनिक तथा बन क्षेत्र भित्रका पोखरी, ताल तलैया जलधाराको उपयोग तथा व्यवस्थापन गर्न पाउने छैन ।

१७. गस्ती सम्बन्धी व्यवस्थाः– (१) भजनी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक वनको संरक्षण गर्न तथा वन पैदावारको चोरी निकासी रोक्नको लागि सामुदायिक वन समन्वय समितिको सिफारिसमा नगर प्रहरीको नेतृत्वमा रहने गरी एक गस्ती टोली खटाइनेछ ।

(२) उपदफा १ बमोजिमको गस्ती टोलीमा तपसिलका सदस्यहरु रहनेछन् ।

(क) ईलाका प्रहरी कार्यालयबाट खटाइएको कर्मचारी,

(ख) नगर क्षेत्र भित्रका सामुदायिक वनहरुले खटाएका कर्मचारी वा पदाधिकारी

(ग) नगरपालिकाले तोकेर पठाएका पदाधिकारी वा कर्मचारी

(घ) नगर प्रहरी

(ङ) बन कार्यालयका बन रक्षक कर्मचारी

१८. गस्ती टोलीको काम, कर्तब्य र अधिकारः (१) गस्ती टोलीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा समूहले बिना ईजाजत वन वा वनजन्य पदार्थ चोरी निकासी गर्ने, गराउने कार्य गरेमा तत्काल पक्री थुनामा राख्ने व्यवस्था मिलाउने,

(ख) सामूदायिक वनमा कोही कसैले वन ऐन, नियमावली तथा यस कार्यविधि विपरितका कार्य गरेको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएका वोझवाहक साधन, औजार तथा यस्तै प्रकृतिका अन्य साधनहरु तत्काल कब्जामा लिई कानून बमोजिम गर्न गराउने,

(ग) कम्तीमा हप्तामा एक पटक समन्वय समितिले खटाएको बखत वन क्षेत्रभर गस्ती गर्ने तर अत्यावश्यक परेमा अध्यक्ष र गस्ती टोली प्रमुखको आदेशानुसार सो भन्दा बढी समेत गस्ती गर्न सक्ने ,

(घ) समन्वय समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१९. गस्ती परिचालन सम्बन्धी व्यवस्थाः(१) समितिको सिफारिसमा नगर प्रहरीको नेतृत्वमा कम्तीमा दुई वटा गस्ती टोली परिचालन गर्न सकिनेछ ।

(२) प्रत्येक गस्ती टोलीमा बढीमा पन्ध्र जना खटाउन सकिनेछ ।

(३) गस्तीमा खटिने टोलीलाई प्रचलित कानूनको अधिनमा रही हतियार प्रयोग गर्ने अधिकार हुनेछ ।

(४) गस्तीमा खटिने व्यक्तिलाई दफा १४ को उपदफा ४ अनुसारको बन संरक्षण तथा सम्बर्धन समितिको निर्णय अनुसारको सेवा सुविधा प्रदान गर्न सकिनेछ ।

(५) वन संरक्षणका लागी गस्तीमा खटाउने लगायतका कार्यमा सहयोग गर्नु नेपाल प्रहरी, वन कार्यालय, उपभोक्ता समूह, नगरपालिका लगायत सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

२०. सुराकी सम्बन्धी व्यवस्थाः (१) वन पैदावार चोरी निकाशी रोक्ने कार्यमा सहयोग गर्न जुनसुकै व्यक्तिले समिति वा गस्ती टोली प्रमुखलाई सुराकी दिन सक्नेछ ।

(२) सुराकी दिने व्यक्तिलाई दफा १४ को उपदफा ४ अनुसारको बन संरक्षण तथा सम्बर्धन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार उचित पुरस्कार प्रदान गरिनेछ ।

(३) सुराकी दिने व्यक्तिको नाम, मोबाईल नं वा अन्य व्यक्तिगत विवरण गोप्य राखिनेछ ।

२१. गस्ती टोलीबाट बरामद भएको वन पैदावार सम्बन्धी व्यवस्थाः (१) संघीय तथा प्रादेशिक कानूनमा अन्य व्यवस्था भएकोमा बाहेक नगरपालिका स्तरीय गस्ती टोलीले अवैध चोरी निकासीबाट बरामद गरीएका वन पैदावार बिक्रीबाट प्राप्त रकम संघिय कानुन बमोजिम बाँडफाँड गरिनेछ ।

## परिच्छेद –४

## वातावरणीय सेवा सम्वन्धी व्यवस्था

२२. वन उद्यमको विकास गर्न सक्नेः (१) यस नगरपालिका वा नगर क्षेत्र भित्र रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्ने छन् ।

(२) यस नगरपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्ने छन्।

(३) सार्वजनिक, निजी, सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले यस भजनी नगरपालिकासँग सम्झौता गर्न सक्ने छन्।

(४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न सक्नेछ।

द्रस्टव्य : वन उद्यम भन्नाले लघु उद्यम, घरेलु उद्योग, पर्यटन र वन सहकारी संस्थालाई जनाउने छ।

२३. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः(१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने छन्।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्र भन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि यस भजनी नगरपालिकाले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले यस भजनी नगरपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय बमोजिमको प्रवेश शुल्क संकलन गर्न सक्नेछ ।

(७) उपदफा ६ बमोजिम प्राप्त आयको रकमको बाँडफाँड राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धि प्रचलित कानुन बमोजिम हिनेछ ।

२४. जैविक मार्गको व्यवस्थापन:१) यस नगरपालिकामा वन्यजन्तु र चराचुरुङ्गीहरुको आवतजावत गर्ने जैविक मार्गको रुपमा रहेका वनक्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिने छ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई यस भजनी नगरपालिकाले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) बन्यजन्तुहरुको जैविक मार्गमा आवतजावतमा असर नपर्ने गरि वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट बञ्चित गरिने छैन ।

(४) जैविक मार्गमा बन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र यस नगरपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्बन गर्न गराउन सक्नेछ।

(५)बन्यजन्तुबाट मानव, पशुपंक्षी तथा समुदायमा भएको हानी नोक्सानीको एकिन गरी नगरपालिकाबाट आवश्यकता अनुसार राहत तथा सहयोग उपलब्ध गराउन सक्नेछ|

२५. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था: (१) यस नगरपालिकाले आफ्नो क्षेत्र भित्र पहिचान भएका सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको बन विकास तथा संरक्षण गर्दानगरको लगानीमा वा सार्बजनिक निजि साझेदारीमा समेत बनस्पति उद्यानको रुपमा विकास गर्न सकिने ।

(३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन व्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(४) उपदफा ३ वमोजिम प्राप्त आयको १०% रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्नु छ ।

(५) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा यस भजनी नगरपालिकाले सडक र वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरु काट्न वा हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिमका काठ विक्री वितरणबाट प्राप्त रकम यस नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

२६. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना: (१) यस नगरपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ।

२७. वन डढेलो नियन्त्रण:(१) कुनै वनमा वन डढेलो लागेमा यस नगरपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ।

(२) यस नगरपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी यस नगरपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्यक्ति घाइते वा मृत्यु भएमा त्यस्ता व्यक्तिले बीमा रकम पाउने गरी यस भजनी नगरपालिका र यसको क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामुहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ |

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदाहुँदै लापरवाही गरी वनमा आगो लगाएमा वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ।

२८. स्थानीय वातावरण संरक्षण योजना:(१) यस नगरपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वन गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय र सहकार्य गर्नुपर्नेछ।

(२) यस नगरपालिकामा रहेको वनक्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरुमा फोहर मैला विसर्जन गर्न गराउन पाइने छैन।

तर नगरपालिकाले कुनै सुरक्षित स्थान तोकी फोहरमैला ब्यबस्थापन गर्न यस उपदफाले असर पर्ने छैन ।

(३) यस नगरपालिकामा वातावरण संरक्षणका कार्यहरु गर्दा सामुदायिक वन उपभोक्ता समूह संग सहकार्य वा समन्वय गर्न सकिनेछ।

२९. वृक्षारोपण कार्यक्रम सञ्चालन: (१) यस नगरपालिकाले प्रत्येक वडामास्थानीय बासीको उपभोक्ता समिति वा सामुदायिक बन उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमबाट कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र परिस्थितिकीय प्रणालीमैत्री व्यावसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनुपर्नेछ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वन वालाहरुलाई निःशुल्क वा न्यूनतम शुल्कमा विरुवा उपलब्ध गराई वनक्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपण गर्न, मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई यस भजनी नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

३०. निजी वन दर्ता सम्बन्धी व्यवस्था:(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वन सम्बन्धी कार्यालयको सिफारिस सहित यस नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी यस भजनी नगरपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी यस नगरपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ।

३१. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन :(१) निजी वन धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि यस नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार यसै भजनी नगरपालिकाको क्षेत्र भित्र गर्नु परेमा यस नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजी वनको वनपैदावार व्यावसायिक प्रयोजनको लागि यस भजनी नगरपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वनपैदावारको विक्री वितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।

(५) घरायसी प्रयोजनको लागि यस नगरपालिकाको क्षेत्रबाट जिल्ला भित्रको कुनै स्थानीय तह्मा वनपैदावार विक्री वितरण तथा ओसार पसार गर्नु परेमा यस भजनी नगरपालिकाबाट सङ्कलन तथा ओसार पसार गर्ने स्वीकृती लिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि भजनी नगरपालिकाबाट अन्य जिल्लामा घरायसी प्रयोजनका लागि वन पैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

परिच्छेद –५

सामुदायिक वन संरक्षण विशेष कोष सम्बन्धी व्यवस्था

३२. सामुदायिक वन संरक्षण विशेष कोषः (१) नगरपालिकामा एक सामुदायिक वन संरक्षण कोष रहनेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख ) दातृ निकाय, संघ संस्था वाट प्राप्त रकम,

(ग) दण्ड सजाय बाट प्राप्त रकम,

३३. कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्थाः (१) दफा ३२ बमोजिमको कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछ :

(क) गस्ती टोलीमा गरिने खर्च,

(ख) सुराकीलाई दिइने पुरस्कार रकम,

(ग) सामुदायिक वन संरक्षणमा साझेदारीमा कार्यक्रम संचालन गर्ने,

(घ) गस्ती टोलीमा खटिने व्यक्तिको औषधि उपचार तथा बिमा खर्च,

(ङ) दफा १४ अनुसारको समितिको निर्णय अनुसार गस्ती टोलीलाई दिइने अन्य खर्च ,

(च) वन पैदावार चोरी निकासीमा संलग्न व्यक्तिलाई हिरासतमा राख्नु पर्ने भएमा सोमा दिइने सिदा वा खाना खर्च ।

(२) उपदफा १ बमोजिमका रकम खर्च गर्नु अघि नगर कार्यपालिकाको वैठकबाट निर्णय गराउनु पर्नेछ ।

तर आकस्मिक कार्यमा खर्च गर्नु परेमा खर्च गरेको रकमको पुष्ट्याईं सहित अनुमोदन गर्ने गरी खर्च गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(३) कोषको सञ्चालन नगर कार्यपालिकाबाट हुने गरी खाता सञ्चालन हुनेछ ।

(४) कोषको लेखा परीक्षण नगरपालिकाले तोकेको लेखा परीक्षकबाट गरिनेछ ।

(५) कोषको लेखा परीक्षण प्रतिवेदन नगर कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ ।

परिच्छेद –६

विविध

३४.स्थानीय सामुदायिक बन तथा समुहलाई बिशेष सुबिधा सम्बन्धमा : (१)यस नगरपालिकाले नगरपालिका क्षेत्र भित्र रहेका सार्बजनिक पोखरी, ताल तलैयाहरुलाई मत्स्य पालनको लागी प्रकाशित सुचना अनुसार ठेक्का बढाबढमा सहभागी भै ठेक्का पट्टा सदर गराई कार्य गरीरहेका स्थानीय सामुदायिक बन, समूहलाई प्रोत्साहन गर्न नगरपालिकाले सहुलियत दिन सक्नेछ।

(क)धरौटी रकम(स्थानीय सामुदायिक बन तथा समूहहरुले तोकिएको धरौटी रकमको ५०% रकम राखेर ठेक्का प्रक्रियामा सहभागी हुन पाउनेछन् )

(२) सहुलियत प्रदान गर्दा ठेक्का अवधि भित्र ठेक्का रकमको १०% प्रतिशत भन्दा बढी सहुलियत दिन पाइने छैन। सहुलियत रकम देहायको शिर्षकमा अनुदान स्वरूप दिइनेछ|

(क)भुरा

(ख)दाना

(ग)औषधी उपचार

३५. अनुगमन सम्बन्धी व्यवस्थाः (१) नगरपालिका अन्तर्गत गठित सामुदायिक वनको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न एक नगरपालिका स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा तपसिलका पदाधिकारीहरु रहनेछन् ।

(क) नगर प्रमुख वा निजले तोकेको नगर कार्यपालिका सदस्य – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी – सदस्य

(ग) सामुदायिक वन समन्व्य समितिले तोकेको समन्वय समितिका सदस्य मध्ये एक जना महिला सहित दुई जना – सदस्य

(घ) सुरक्षा निकायको एक जना प्रतिनिधि – सदस्य

(ङ) वन कार्यालयको प्रतिनिधि एक जना – सदस्य

(च) भजनी नगरपालिका, वन तथा वातावरण शाखा प्रमुख सदस्य – सचिव

३६. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः (१)वन पैदावार चोरी निकासीमा संलग्न व्यक्ति वा मतियारलाई संघीय तथा प्रदेश कानूनमा उल्लेख भएकोमा सोही अनुसार र उल्लेख नभएका विषयमा यस नगरपालिकाले निर्णय गरी तोके बमोजिम दण्ड जरिवाना गरिनेछ ।

(२) ताल तलैयाहरुको संरक्षण तथा सम्बर्धन नगरपालिकाको आफ्नै सम्पति सम्झेर पालना सबैले गर्नुपर्ने छ, कसैले पनि यस ऐन विपरित तालतलैया, पोखरीमा आफुखुसी कार्य गर्ने, ताल तलैयामा नोक्सान गर्ने, अतिक्रमण गर्ने व्यक्तिलाई १ बर्ष सम्म कैद वा रु. १,००,०००/ सम्म जरिवाना वा दुवै गर्न सक्नेछ ।

(३) पानी निकासाको लागि बनाइएको झरन, कुलोमा पानी निकास अवरोध हुने गरि, डल्फिन लगाएत संरक्षित क्षेत्रमा निषेधित मत्स्य औजारको प्रयोग गरि माछा मार्ने कार्य गरेमा जनही रु. २५०००/- जरिवाना वा ३ महिना कैद वा दुवै हुन सक्नेछ ।

३७. नदि घाट उत्तराइ सम्बन्धी व्यवस्थाः (१) नगरपालिका क्षेत्र भित्र रहेका नदीहरुमा स्थानीयको सहजताको लागी पुल नभएको नदि घाटमा घाट उत्तराहीका लागी नगरपालिकाले ठेक्का लगाउन सक्नेछ |

(२) उपदफा (१) बमोजिम घाट ठेक्का लगाउदा स्थानीय बासीलाई तोकिएको धरौटी रकमको ५०% रकम धरौटी राखेर ठेक्का प्रक्रियामा सहभागी गराउन सकिने छ ।

(३) उपदफा (१) बमिजिमको घाट ठेक्का भएको स्थान सम्म सहज आवतजावतको लागि बाटो मर्मत सम्भारको कार्य गर्नु नगरपालिकाको कर्तब्य हुने छ ।

३८. बचाउ, खारेजी र बाझिएमाः(१) संघीय तथा प्रदेश कानूनमा उल्लेख भएकोमा सोही अनुसार तथा उल्लेख नभएका विषयमा यसै ऐन बमोजिम हुनेछ|

(२) तालतलैयाहरुको संरक्षण, सम्बर्धन र मत्यस्यपालन कार्यका लागि नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाई कार्यान्वयन गरिनेछ ।

(३) यो ऐन वा यस ऐनमा गरिएका ब्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका ब्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछन।

(४) यो ऐन जारी हुनु भन्दा पहिले बन बातावरण, पोखरी, ताल तलैया सम्बन्धी नगरपालिकाबाट भए गरेका काम कारबाहीहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ|

(५) प्रदेश वन ऐन, २०७७ तथा यस ऐन वमोजिम गर्नु पर्ने काम नगरेमा नगरपालिकाले त्यसरी ऐन विपरित काम गर्ने वा गर्नुपर्ने काम नगर्ने व्यक्ति वा सामुदायिक बन उपभोक्ता समिति वा संस्थालाई खारेजीका लागि सिफारिस गर्न सक्नेछ ।

(६.) नेपाल सरकार वा प्रदेश सरकारका निकायहरु बाहेक भजनी नगरपालिका क्षेत्रमा पर्ने सबै प्रकारका बन सम्बन्धी काम गर्ने संघ संस्था, उपभोक्ता समिति, संरक्षण समिति आदि सबै प्रकारका निकायहरु भजनी नगरपालिकाको मातहतमा रहनेछन ।

(७.) भजनी नगरपलिका क्षेत्रका भजनी नगपालिका मातहतका सबै प्रकारका निकायहरुले भजनी नगरपालिकाले दिएको आदेश, निर्देशनको पालना गर्नुपर्ने छ ।

तर दिएको आदेश, निर्देशनको पालना नगरेमा वा उलंघन गरेमा नगर प्रमुखले आवश्यक निर्णय गरि रु.एक लाख सम्म जरिवाना वा एक बर्ष कैद वा दुवै सजाय हुन सक्नेछ ।

(३९) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ताल्तालैयामा मत्स्यपालन, नदि घात ठेक्का लगाउदा स्थानीय बासीलाई प्राथमिकतामा राखी प्रथम पटक सुचना गरिने छ र सो सुचना पश्चात मात्र अन्य सबैका लागि सहभागी हुन खुल्ला सुचना गरिने छ ।

अनुसूची –१

दफा ७ को उपदफा (२) सँग सम्बन्धित

उपभोक्ता समूहले समूह दर्ता/सूचिकृतको लागि दिने निवेदनको ढाँचा

श्रीमान् नगर प्रमुख ज्यू

भजनी नगरपालिका भजनी, कैलाली ।

विषयः वन उपभोक्ता समूह दर्ता गरी पाउँ ।

वन ऐन, २०४९ तथा नियमावली, २०५१, भजनी नगरपालिका वन ऐन, २०८१बमोजिम भएको व्यवस्था अनुसार दर्ता/सूचिकृत गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूह दर्ता सूचिकृत गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक

दस्तखतः ...............................

नामथरः .....................................

पदः .........................................

मितिः .........................

उपभोक्ता समूहका पदाधिकारी विवरण

अनुसूची –२

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

उपभोक्ता समूह दर्ताको प्रमाणपत्रको ढाँचा

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

दर्ता नं. मितिः–

श्री ..........................उपभोक्ता समूह

भजनी, कैलाली ।

यस कार्यालयको मिति ........................... को निर्णयले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई यस नगरपालिकामा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रः–

घरधुरीको संख्याः–

कुल जनसंख्याः–

प्रमाणपत्र दिने अधिकारीकोः

नामः–

दर्जाः–

दस्तखतः–

मितिः–

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | ५ प्रतिशतले हुने रकम | रसिद नं. | नवीकरण गर्ने अधिकारीको नामथर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

*आज्ञाले,*

*प्रमुख प्रशासकीय अधिकृत*